श्रमको सम्मान गरौं !
Let's respect labour !

श्रम शक्ति नै राष्ट्र शक्ति हो !!
Labour Force is Nation Force !!

Nepal Trade Union Congress
नेपाल ट्रेड युनियन काँग्रेस
राष्ट्रिय समिति

NTUC

च.नं Ref. No.:

मिति Date:

२०७८/०१/१९

## प्रेश बिज्ञप्ती

१३२ औं अन्तराष्ट्रिय श्रमिक दिवसको अवसरमा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा वलीवाट स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण श्रमिक दिदीबहिनी तथा दाजुभाईहरुमा बधाई तथा शुभकामना सन्देश दिनु भई हौसला वढाउने कार्य गर्नु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू प्रति नेपाल ट्रेड युनियन काँग्रेस हार्दिक आभार ब्यक्त गर्दछ । शुभकामना सन्देशको क्रममा प्रधानमन्त्रीज्यूवाट आगामी आ.ब. २०७८/०७९ को श्रावणवाट लागु हुनेगरी साबिकको पारिश्रमिक रु. १३,४५०/- मा मासिक रु. १,५५०/- र दैनिक ज्याला रु. ५१७/- मा रु. ६०/- वृद्धि गरि मासिक रु. १५,०००/- र दैनिक रु. ५७७/- हुनेगरी पुनरावलोकन हुनेछ भनी गर्नु भएको सम्बोधन प्रति यस महासंघको विशेष ध्यानाकर्षण भएको छ ।

श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम सोहि ऐनको दफा १०७ अनुसार गठित न्युनतम पारिश्रमिक निर्धारण समितिको सिफारिसमा प्रत्येक २/२ बर्षमा न्युनतम पारिश्रमिक निर्धारण गर्नु पर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था बमोजिम आ.ब. २०७७/०७८ को श्रावण देखि पारिश्रमिक पुनरावलोकन भई लागु हुनु पर्नेमा कोभिड १९वाट सृजित बन्दाबन्दीको कारण उक्त समय भन्दा धेरै पछि मात्र नयाँ पारिश्रमिक निर्धारण प्रकृया शुरु भएको तर सर्वसम्मती कायम हुन नसक्दा समितिले २०७८ बैशाख ५ मा सम्बन्धित श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्णय गर्न सिफारिस गरेको अवस्थामा मे डे को अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूवाट माथि उल्लेखित दरले पुनरावलोकन हुनेछ भनि उद्घोष हुनुले श्रम कानुन एंव त्यसले निर्धारण गरेको विधि र प्रकृयामा ठाडो हस्तक्षेप भएको छ । सम्बन्धित निकायवाट निर्णय हुनु पूर्व नै सरकार प्रमुखले पारिश्रमिक वृद्धिको रकम र कार्यान्बयनको समय नै तोक्ने प्रकृयाले कानुनी शासन र सुशासनको उपहास भएको प्रति यस महासंघको गम्भीर आपत्ति रहेको छ ।

श्रम ऐनको दफा १०७ (४) अनुसार रोजगारदाता र ट्रेड युनियनका बीच अन्यथा सहमति भएको बाहेक नयाँ पारिश्रमिक २ बर्ष पछिको श्रावण १ गतेवाट लागु हुनु पर्ने व्यवस्थालाई उपेक्षा गर्दै बिना सहमति २०७८/०७९ वाट लागु गर्नेगरी पुनराबलोकन गर्ने अधिकार सरकारलाई कहाँवाट प्राप्त भयो ? बिधि र पद्दतिमा विश्वास गर्ने र त्यसको लागि अनवरत संघर्षरत यस महासंघ प्रश्न गर्न चाहन्छ । रोजगारदाता संघको प्रतिनिधिहरुले पारिश्रमिक बृद्धिकोलागि प्रस्ताव गरेको अंक र समय भन्दा पनि कठोर ढंगले सरकारको तर्फवाट भएको पुनरावलोकनको प्रस्तावले यो सरकार श्रमिकको मुख मोसेर कसलाई रिझाउन खोज्दैछ आश्चर्यको बिषय बनेको छ ।

Binayaknagar, Bulbule Marga, Kathmandu-10, Nepal
P.O.Box: 5507, Tel.:+977-1-5244954, Fax: +977-1-5244959, Email: info@ntuc.org.np
ntucoffice@gmail.com
www.ntuc.org.np

NTUC
Nepal Trade Union Congress
नेपाल ट्रेड युनियन कांग्रेस
राष्ट्रिय समिति

च.नं Ref. No.: मिति Date:

बिगतमा त्रिपक्षीय सहमतिमा निर्णय भई लागु भएको पारिश्रमिक समेत पूर्णतः कार्यान्वयन गर्न कठिन हुने गरेको अवस्थामा श्रमिक र रोजगारदाता दुवै पक्ष असन्तुष्ट हुने गरि एक पक्षीय ढंगवाट निर्णय लाद्ने प्रयासले अन्ततः श्रम वजारमा थप जटिलता निम्त्याउने निश्चित छ । तसर्थ, यस महासंघ सम्माननीय प्रधानमन्त्रीज्यूवाट न्युनतम पारिश्रमिक पुनराबलोकन सम्बन्धमा गरिएको घोषणा तत्काल फिर्ता लिई कानुनले तोकेको विधि र प्रकृया बमोजिम निर्धारण गर्ने मार्ग प्रशस्त गर्न जोडदार माग गर्दछ । सरकार प्रमुखले बोल्दै जाने र पछि सम्बन्धित निकायले समर्थन र निर्णय गर्दै जाने परिपाटीले कानुनी शासन र प्रजातान्त्रिक पद्धतिलाई कमजोर बनाउने छ । यसर्थ, यस्ता निर्णयले श्रम बजारमा द्वन्दको अवस्था सृजना भई उत्पादन र सेवामा पर्न जाने नकारात्मक परिणाम प्रति बेलैमा सचेत रहन समेत महासंघ बिशेष अनुरोध गर्दछ ।

जय नेपाल !

..........................
योगेन्द्र कुमार कुँवर
महासचिव

Binayaknagar, Bulbule Marga, Kathmandu-10, Nepal
P.O.Box: 5507, Tel.:+977-1-5244954, Fax: +977-1-5244959, Email: info@ntuc.org.np
ntucoffice@gmail.com
www.ntuc.org.np